# पर्सा जिल्ला अदालत

वीरगंज, पर्सा

प.सं ०७५/७६ मिति २०७५।६।१४

च.नं. ३४४२

विषय - वेभसाईटमा सूचना प्रकाशित गरिदिने सम्बन्धमा ।

श्री सर्वोच्च अदालत

प्रशासन महाशाखा ।

उपर्युक्त सम्बन्धमा यस अदालतमा विभिन्न मुद्दाहरुमा दशीको रुपमा दाखिल हुन आएको आम्दानी बाँधिएका सामानहरु यस अदालतको आदेशले अन्तिम फैसला तथा आदेशले फिर्ता पाउने सामानहरुको सम्बन्धमा सूचनाको एक कपी यसै पत्रसाथ पठाईएको छ । उक्त सूचना सम्मानित अदालतको वेभसाईटमा प्रकाशित गरिदिन हुन सादर अनुरोध गरिन्छ ।

तहसिलदार
(शाखा अधिकृत)

# पर्सा जिल्ला अदालत

सूचना

यसमा यस अदालतमा विभिन्न मुद्दामा दशीको रुपमा दाखिल हुन आएको नेपाली नम्बरका मोटरसाईकल, टाटा सुमो, कार, ट्रक, मोबाईल समेत आम्दानी बाँधिएका सामानहरुको अदालतको अन्तिम फैसला तथा आदेशले फिर्ता पाउने सामानहरु यो सूचना प्रकाशित भएको मितिले जिल्ला अदालत नियमावली २०५२ को नियम ९०(क) बमोजिम संसोधित जिल्ला अदालत नियमावली २०७५ को नियम ९२ बमोजिम ३० दिन भित्र जिल्ला प्रहरी कार्यालय पर्सा मार्फत तथा यस अदालतमा निवेदन दिन स-प्रमाण सहित आउनुहोला । सो मितिसम्ममा सामान फिर्ता नलगेमा जिल्ला अदालत नियमावली २०५२ को नियम ९०(ख) बमोजिम लिलाम हुने व्यहोराको सूचना प्रकाशित गरिएको छ ।